# पहिलो अध्याय
# शोधप्रबन्धको परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक **जातीय चेतनामूलक भारतीय नेपाली कविताको अध्ययन र विश्लेषण** रहेको छ।

## १.२ शोध - समस्याकथन

भारतबाट प्रकाशित एवम् लिखित जातीय चेतनामूलक कविताहरुमा केन्द्रित रही अद्यावधि विद्यावारिधि तहको प्राज्ञिक शोधकार्य भएको पाइएको छैन। प्रस्तुत शोधकार्यमा जातीय चेतनामूलक भारतीय नेपाली कविताहरूको अध्ययन, विश्लेषण गर्दा निम्नलिखित समस्याहरू देखा पर्दछन् –

१. 'जाति' भन्नाले के बुझिन्छ ? अङ्ग्रेजी शब्द 'कास्ट', 'क्लास', 'एथ्निक','एथ्निसिटी', 'नेसन', 'न्यासनालिटी', 'रेस', 'ट्राइब', 'ट्राइबल' आदिमध्ये जातिलाई कुन श्रेणीमा राख्न सकिन्छ ?

२. पूर्वीय र पाश्चात्य समाजशास्त्री, विद्वान्हरुले जातिसम्बन्धी के - कस्ता धारणा जाहेर गरेका छन् ?

३. जातीय चेतना भन्नाले के बुझिन्छ र भारतीय नेपाली कवितामा जातीय चेतनाले कहिलेदेखि र क - कसबाट अभिव्यक्ति पाएको हो ?

४. राष्ट्रिय चेतना र जातीय चेतनामाझ के - कस्तो अन्तर छ ?

५. भारतीय नेपाली जातीय चेतनामूलक कविताको पृष्ठभूमि के - कस्तो छ ?

६. भारतका विभिन्न क्षेत्रका नेपाली कविका कविताहरुमा के - कस्तो जातीय स्वर अभिव्यक्त भएको पाइन्छ ?

७. भारतीय नेपाली कविका कविताहरुमा पाइने जातीय चेतनाका मुख्य - मुख्य विशेषताहरू के के हुन् ?

प्रस्तुत शोधकार्य यिनै समस्याहरूको अध्ययनमा केन्द्रित रहेको छ।

## १.३ शोधकार्यको उद्देश्य

(क) जातीय चेतनाका सन्दर्भमा कविताका सैद्धान्तिक आधारहरूको खोजी गर्नु।

(ख) नेपाली कविताको सन्दर्भमा भारतका जातीय चेतनाप्रधान कवि र कविताहरूको सर्वेक्षण गर्नु।

(ग) भारतीय नेपाली जातीय चेतनामूलक कविताहरूको समीक्षण तथा विश्लेषणात्मक अध्ययन गर्नु।

(घ) भारतीय नेपाली कविता साहित्यमा जातीय चेतनाप्रधान कविताले ओगटेको स्थान, मूल्य र प्रभाव आदिको अध्ययन गर्नु।

(ङ) जात र जातिको अवधारणा स्पष्ट पर्नु।

(च) जातीयता र राष्ट्रियताको अवधारणालाई भारतीय परिप्रेक्ष्यमा अध्ययन गर्नु।

(छ) प्रस्तुत शोध कार्य पूर्ण गरी विश्वविद्यालयबाट विद्यावारिधी (पीएच. डी.) उपाधि प्राप्त गर्नु।

## १.४ पूर्वकार्यको सर्वेक्षण

जाति एउटा सुस्थिर मानव सम्प्रदाय हो। 'जाति' शब्द र यसको अवधारणालाई लिएर पश्चिमी र पूर्वीय साहित्यका विद्वान् , समाजशास्त्री, मानवमितीशास्त्री र समीक्षकहरुले आ - आफ्नै विचार प्रकट गरेका छन्। मूलतः जातिको अर्थ, परिभाषा, यसको उत्पत्ति, जातिको विकास, यसका विशेषता, जातिको संरचना साथै वर्ण, वर्ग, श्रेणी, कुल, वंश, गोत्र आदिबारे पूर्वीय र पाश्चात्य दुवै विद्वान् , समाजशास्त्री, मानवमितीशास्त्री, समीक्षक आदिले आ - आफ्नै विचार प्रकट गरेका छन्।

पाश्चात्य साहित्यका समाजशास्त्री सी. बूगलले जातिलाई वंशानुक्रमका आधारमा विशिष्ट श्रेणीवद्ध रुपले गठित हुने एउटा समूह मानेका छन्।[१] यसरी नै अर्का समाजशास्त्री ए. एल. क्रोबरले जातिलाई नृवंशीय (एथनिक) एकाईको एउटा वंशानुगत उप - विभाग मानी मानव जातिलाई सामाजिक वर्गहरुका विशेष स्वरुप ठानेका छन्।[२] इ. आर. लीचले जातिमा जन्म स्थितिको आधारमा उच्च वा निम्न पद भएका समूह विद्यमान हुन्छन् र यो कुनै एउटा पेशासित सम्बद्ध हुने गर्छ भनेका छन्।[३] समाजशास्त्री एस. भी. केतकरले वंशानुगत र अन्तर्विवाह विशेषतायुक्त सामाजिक समूह नै जाति हो भनेका छन्।[४] उनले मानव समाजको परिप्रेक्ष्यमा जातिलाई परिभाषित गरेका छन्। यसरी नै पाश्चात्य समाजशास्त्री जे. एच. हट्टनले दक्षिण भारतका केही जातिको उदाहरण प्रस्तुत गर्दै जातिलाई सामाजिक समूहमा रहने एउटा वंशानुगत विभाग मानेका छन्।[५] उनले यस पुस्तकमा अम्बालावासी, चासा, करन आदि जातिहरुको उदाहरण प्रस्तुत गरेका छन्।

पाश्चात्य मानवमितीशास्त्री हरबर्ट रिजलेले परिवारहरुको समूहलाई जाति मानेका छन्।[६] उनले यस पुस्तकमा कुनै जाति विशेषको काल्पनिक पूर्वज हुने हुनाले यो समान आनुवांशिक व्यवसायद्वारा उत्पत्ति हुन्छ भन्ने विचार पोखेका छन्। जे. डी. मितकेलले जातिको अवधारणाबारे विस्तृत रुपमा चर्चा गर्दै जातिलाई एउटा सामाजिक व्यवस्था मानेका छन्।[७] उनले जातिको अवधारणा स्पष्ट गर्ने क्रममा हिन्दूहरुको कर्मकाण्ड, धार्मिक विश्वास साथै आनुवांशिकताको पनि उल्लेख गरेका छन्। म्याक्स बेबरले जातिको अवधारणा, राष्ट्रको परिभाषा, यसको विशेषता, जात - जाति, उप - जाति आदिबारे विस्तृत अध्ययन गरी जातिलाई एउटा मानव समुदाय मानेका छन्।[८] उनका विचारमा जाति भन्नाले निश्चित

---

१. सी. बूगल, सन् १९५८, **दि इसेन्स एण्ड दि रियालिटि अव् कास्ट सिस्टम**, लण्डन, पृ. सं. ९।

२. ए. एल. क्रोबर, सन् १९३६, **कास्ट**, भाग - ३, लण्डन, पृ. सं. २५४ - २५७।

३. इ. आर. लिच, सन् १९६०, **एस्पेक्ट अव् कास्ट इन् साउथ इण्डिया**, क्याम्ब्रिज, पृ. स ११।

४. एस. भी. केतकर, सन् १९०९, **हिस्ट्री अव् कास्ट इन् इण्डिया**, न्युयोर्क, पृ. सं. १५।

५. जे. एच. हट्टन, सन् १९६३, **कास्ट इन् इण्डिया : इट्स नेचर,फङ्सन एण्ड ओरिजिन**, बम्बई, पृ. सं. ४८।

६. हर्वड रिजले, सन् १९६३, **दि पिपल अव् इण्डिया**, दिल्ली, पृ. सं. २६२।

७. जे. डी. मितकेल, सन् १९६८, **ए डिक्सनरी अफ् सोसियोलजी**, लण्डन, पृ. सं. १८२।

८. म्याक्स वेबर, सन् १९६८, **इकोनमी एण्ड सोसाइटी**, लस एन्जल्स, पृ. सं. ३८९।

वंशक्रममा बाँधिने मानवको समूह तथा एक ठाउँबाट अर्को ठाउँमा देशान्तरण गर्ने मानवको झुण्ड बुझिन्छ। समाजशास्त्री फ्रेडरिक वार्थले मानवको नृवंश, यसका विशेषता, जातिको संघटनाको अध्ययनमा सामाजिक प्रणालीका आधारमा छुट्टिने मानवका जात - जातको मेललाई नै जाति मानेका छन्।[९] अर्का पाश्चात्य विद्वान् लुविस डुमोन्टले जातिको परिभाषा, यसका कारक तत्त्व, विशेषता आदिबारे आफ्नो अध्ययनमा जातिलाई निश्चित वंशानुक्रममा बाँधिने मानवको समूह मानेका छन्।[१०] उनले भारतीय समाजको आधारमा जातिको अवधारणा स्पष्ट पार्दै यसमा मानवका शारीरिक बनावटको आकार, रीति - रिवाज, प्रथा आदि समान रुपमा रहेका हुन्छन् भन्ने विचार पनि व्यक्त गरेका छन्।

विद्वान् डोनाल्ड एल. होरोविट्जले मानव जातिका वंश, उत्पति, वंश र जातिसँग सम्बन्ध एवम् यसका विशेषता बारे अध्ययन गरेका छन्। उनले वंशको नृवंशीय समूहलाई जाति भनेका छन्।[११] यसरी नै समाजशास्त्री ए. कोहिनले जातिको अवधारणा, यसका सामाजिक विशेषता र अफ्रिकाका आदिम निवासीहरुबारे अध्ययन गरेर जातिलाई एउटा समूहका सांस्कृतिक परम्परालाई पुष्टि गर्ने तत्त्व मानेका छन्।[१२] समाजशास्त्री आन्द्रे बेतेइले जाति र जनजातिको अवधारणा, यी दुई बिचको सम्बन्ध, जनजातिका विशेषता आदिको अध्ययन गरेका छन्। उनले जनजाति वा ट्राइबको धारणा भारतमा परम्परागत रुपमा रहेका जनजातिहरुका विशेषताहरुका विश्लेषणद्धारा स्पष्ट हुने बताएका छन्।[१३] एफ. जी. बेलीले जाति र जनजाति माझको समानता - भिन्नतालाई छुट्याउँदै जाति जैविक प्रणालीमा आधारित र जनजाति खण्डात्मक व्यवस्थामा आधारित हुन्छ भनेका छन्।[१४] यसरी नै पाश्चात्य समाजशास्त्री अबे डुबायसले जातिको उद्भव र विकासबारे विस्तृत रुपमा अध्ययन गरी जाति प्रथाको उद्भव भारतीय ब्राह्मणहरुद्धारा भएको मानेका छन्।[१५]

जात, जातिको अवधारणा, यसको उत्पति, जातिको विकास, यसको विशेषता, वर्ण, वर्ग, श्रेणी, कुल, वंश, जातिवाद वा जातिसिद्धान्त आदिबारे पूर्वीय विद्वान्, समाजशास्त्री, मानवविज्ञानी, समीक्षक आदिले पनि अध्ययन गरेका छन्। भारतीय समाजशास्त्री गोविन्द सदाशिव धुर्येले जातिको परिभाषा गर्ने क्रममा ब्राह्मणहरुका संस्कार र सामाजिक स्तरको व्याख्या गर्दै विभिन्न जात - जातका समूहलाई जाति मानेका छन्।[१६] उनले जात र जातिको अवधारणा, जाति - व्यवस्थाको लक्षण, स्वरुप, जातिव्यवस्थाको स्रोत, वर्ग, प्रजाति र जाति, जातिका भविष्य आदिबारे विस्तृत अध्ययन गरेका छन्। भारतका अर्का समाजशास्त्री शरद् सिंहले वर्ण - व्यवस्था र जाति - व्यवस्थाको उत्पत्ति र विकास, धर्म र समाज,

---

९. फ्रेडरिक बार्थ, सन् १९६९, **एथनिक ग्रुप्स एण्ड बाउन्डरिज**, लण्डन, पृ. सं. ११।
१०. लुविस डुमोन्ट, सन् १९७०, **होमो हियरआरचिकुस**, सिकागो, पृ. सं. ६२।
११. डोनाल्ड एल. होरोविट्ज, सन् १९८५, **एथनिक ग्रुप्स इन् कन्फिक्ट**, बेरकिले, पृ. सं. २१६।
१२. ए. कोहिन, सन् १९६९, **कस्टम्स एण्ड पोलिटिक्स इन् अफ्रिका**, बेर्कले, पृ. सं. २११ - १२।
१३. आन्द्रे बेतेइ, सन १९६९, **कास्ट : ओल्ड एण्ड न्यु , एस्से इन् सोसियल स्ट्राटिफिकेसन**, दिल्ली, पृ. सं. ०७।
१४. एफ. जी. बेली, सन् १९६०, **ट्राइब, कास्ट, नेसन**, म्यानचेस्टर, पृ. सं. २६४।
१५. अबे डुबायस, सन् १८१७, **अ डिस्क्रिप्सन अव् दि पिपल अव् इण्डिया**, लण्डन, पृ. सं.२५।
१६. गोविन्द सदाशिव धुर्ये, सन् १९५६, **जाति, वर्ग और व्यवसाय**, बम्बई, पृ. सं. ६७।

दास - प्रथा, श्रेणी आदिबारे अध्ययन गरी वर्ण र जातिमा स्पष्ट अन्तर हुने बताउँदै एउटा वर्ण अन्तर्गत अनेक जाति हुनसक्ने तर एउटा जाति अन्तर्गत अनेक वर्ण नहुने विचार पोख्रेकी छन्।[१७] समाजशास्त्री नेमिचन्द्र जैनले जाति - व्यवस्थाको उद्‌भव र विकास, यसको वर्तमान रूप, जाति व्यवस्थाको इतिहास, जातिमूलक स्थिर धारणाहरु, जातीय पूर्वाग्रह, जाति - व्यवस्था तथा अन्य धार्मिक सम्प्रदाय आदिबारे आफ्नो विचार पोख्रेका छन्। उनले यस पुस्तकमा जातिको अवधारणा व्यक्त गर्दै अन्तत प्रजनित वंशानुगत विशेषताहरुका सम्मिश्रणको पुञ्जलाई जाति भनि अर्थाएका छन्।[१८]

भारतीय समाजशास्त्री के. एल. शर्माले जात, जातिको परिभाषा, यसको उत्पत्ति, जाति र श्रेणी, वंश र जाति आदिबारे अध्ययन गरी जातलाई आयतन ओगट्ने घटक मान्दै यो जाति र वंशसित साम्य हुन्छ भनेका छन्।[१९] समाजशास्त्री मनोरञ्जन मोहान्तीले जातिलाई एउटा सामाजिक झुण्ड मानेका छन्।[२०] उनले यस पुस्तकमा भारतीय समाजको आधारमा जातिको अवधारणा स्पष्ट गर्दै जातिको विकास, यसको उद्‌भव, श्रेणी र जाति, लिङ्ग र जाति, वर्ण आदिबारे अध्ययन गरेका छन्। यसरी नै भारतीय समाजशास्त्री चन्द्रशेखर भाटले जातिको अवधारणा स्पष्ट गर्दै प्राचीन समयमा भारतीय समाज चारवटा वर्ण (ब्राह्मण, क्षत्रीय, वैश्य र शुद्र) - मा विभक्त रहेको बताउँदै यही चारवटा वर्ण नै पछि गएर जातिमा परिणत भएको मानेका छन्।[२१] भारतका अर्का समाजशास्त्री लैला नारायणले जात, जातिको अर्थ र परिभाषा, नृवंश, जातिको समाजसँग सम्बन्ध आदिबारे अध्ययन गरेका छन्। उनले भारतीय समाजको आधारमा जातिको परिभाषा प्रष्ट्याउँदै मानवको जात, धर्म, भाषालाई जातिको प्रमुख घटक मानेका छन्।[२२] यसरी नै भारतीय समाजशास्त्री सत्यकेतु विद्यालङ्कारले वर्ण र जाति, जातिको उत्पत्ति, विशेषता, यसको कार्य, जाति भेदको दोष र यसको भविष्य, नश्लको वर्गीकरण यसको उत्पत्ति आदिबारे विस्तृत रूपमा अध्ययन गरेका छन्। उनले जातिलाई एउटा समूह मानेका छन् अनि यसमा मानवको शारीरिक विशेषता, एक समान निवास - क्षेत्र, वंशानुक्रममा पृथकता, परस्पर एक हुने भावना विद्यमान हुन्छन् भनेका छन्।[२३]

समाजशास्त्री राम आहुजाले जाति व्यवस्था, यसको संरचनात्मक एवम् सांस्कृतिक अवधारणा, जाति र वर्ण, जाति र उपजाति, जाति र जनजाति, जाति र वर्ग, जातिको विशेषता, यसको उत्पत्ति, जातिको परिवर्तित संरचना एवम् भविष्य, जाति व्यवस्थालाई प्रभावित गर्ने तत्त्व आदिबारे अध्ययन गरेका छन्। उनले जातिबारे विभिन्न पाश्चात्य एवम् पूर्वीय साहित्यमा समाजशास्त्री, विद्वान् आदिको धारणालाई खण्डन गर्दै जातिलाई एक बन्द सामाजिक स्तर, एक अन्तर्विवादी समूह, एक अद्वितीय घटना

---

१७. शरद् सिंह, सन् २००८, **प्राचीन भारत का सामाजिक एवम् आर्थिक इतिहास**,वाराणसी, पृ. सं. ६६।
१८. नेमिचन्द्र जैन, सन् १९५७, **जाति सिद्धान्त**,बम्बई, पृ. सं. २९।
१९. के. एल. शर्मा, **कास्ट**, सन् २००१, **क्लास एण्ड ट्राइब**, जयपुर, पृ. सं. ०७।
२०. मनोरञ्जन मोहान्ती, सन् २००४, **क्लास, कास्ट, जेन्डर**, न्यु दिल्ली, पृ. सं. ३३।
२१. चन्द्रशेखर भाट, सन् १९८६, **एथनिसिटी एण्ड मोबिलिटी**, न्यु दिल्ली, पृ. सं. ०१।
२२. लैला नारायण, सन् १९८९, **एथनिसिटी इन् अर्बन कन्टेक्स**, जयपुर, पृ. सं. ११।
२३. सप्तकेतु विद्यालङ्कार, सन् २००७, **समाजशास्त्र**, नई दिल्ली, पृ. सं. ४४४।

तथा सामयिक प्रकृति मानेका छन्।[२४] भारतीय समाजशास्त्री मोतीलाल गुप्ताले जातिको अर्थ एवम् प्रकृति, यसको उत्पत्ति एवम् प्रकार्य, जाति र गोत्र, जाति र जनजाति, जनजातिहरूका जातिमा रूपान्तरण, जाति - व्यवस्थामा परिवर्तन, वर्गको अर्थ र प्रकार्य, जाति र वर्गमा अन्तर, जातिको भविष्य आदिबारे अध्ययन गरेका छन्। उनले पनि समाजशास्त्री राम आहूजाले झैँ जातिलाई एउटा बन्द वर्ग मान्दै यसले मानवमा उच्च र नीचको भावना उत्पन्न गराउँछ भनेका छन्।[२५] अर्का भारतीय समाजशास्त्री अनिल भट्टले भारतका विभिन्न राज्यका उच्च र निम्न जातिहरूको अध्ययन गर्ने क्रममा उच्च जातिमा ब्राह्मण, राजपूत, कायस्थ आदि र निम्न जातिमा हरिजन आदिलाई राखेका छन्।[२६] समाजशास्त्री श्यामसिंह शशिले जाति र उपजातिको नाम, यसको विकास एवम् उत्पत्ति, विभिन्न व्यावसायिक जातहरू र यसको ऐतिहासिक पृष्ठभूमि, प्रजाति, गोत्र आदिबारे अध्ययन गरेका छन्। उनले जातिको अवधारणा स्पष्ट गर्ने क्रममा भारतीय हिन्दू समाजमा विद्यमान तीनवटा वर्गलाई मुख्य आधार मानेका छन् र उच्च वर्गमा ब्राह्मण जाति, मध्य वर्गमा ब्राह्मणेत्तर जाति तथा निम्न वर्गमा अछूत जातिलाई राखेका छन्।[२७]

भारतीय समाजशास्त्रीद्वय डी. एन. मजुमदार र टी. एन. मदनले जातिको परिभाषा, यसको व्युत्पत्ति, जाति र नृवंश, जातिको विशेषता आदिबारे विस्तृत रूपमा अध्ययन गरेका छन्। उनीहरूले जातिको अवधारणा स्पष्ट पार्दै यसलाई एक बन्द वर्ग मानेका छन्।[२८] समाजशास्त्री एस. सी. दूबेले वर्ण, जाति, उपजाति आदिको भ्रान्तिपूर्ण अवधारणामाथि चर्चा गर्दै सामाजिक व्यवस्थाका परिणाममा अर्थपूर्ण तुलनाका निम्ति जातिको सही परिभाषा खुट्याउन नसकिने बताएका छन्।[२९] यसरी नै भारतीय समाजशास्त्री एम. एन. श्रीनिवासले वर्णको अवधारणा, यसको उत्पत्ति, वर्ण र जातिमाझ भिन्नता, जातिको विशेषता आदिबारे अध्ययन गरेका छन्। उनले विभिन्न विद्वान्‌हरूले जातिको परिभाषा गर्ने क्रममा उपस्थापन गरेको बताउँदै जाति व्यवस्थाको यथार्थ स्थितिको गलत व्याख्याको मूलकारण वर्णलाई मानेका छन्।[३०] समाजशास्त्री एस. पी. नगेन्द्रले जाति - प्रणाली र जाति - सिद्धान्तको बारेमा विस्तृत अध्ययन गर्दै जातिलाई स्तरीकरणको प्रदत्त प्रणाली मानेका छन् र यसको निर्धारण जन्मद्वारा हुने बताएका छन्।[३१] समाजशास्त्री सच्चिदानन्द सिन्हाले जातिको अवधारणा, यसको पूर्वाग्रह, जाति व्यवस्था, जातिगत झगडा र यसको भविष्य आदिबारे विस्तृत रूपमा अध्ययन गरेका छन्। जातिको अवधारणाबारे विभिन्न धर्मशास्त्र, पौराणिक ग्रन्थ, विभिन्न विद्वान्‌द्वारा प्रतिपादित सिद्धान्त आदिको खण्डन गर्दै उनले जातिको मुख्य अवधारणा विभिन्न वर्णका समूहमा नसल (वंश) तथा रगतको भेदमा रहने गर्छ

---

२४. राम आहुजा, सन् २००७, **भारतीय सामाजिक व्यवस्था**, नई दिल्ली, पृ. सं. २१२।
२५. मोतीलाल गुप्त, सन् २००५, **भारत में समाज**, जयपुर, पृ. सं. १२५।
२६. अनिल भट्ट, सन् १९७५, **कास्ट, क्लास एण्ड पोलटिक्स**, न्यु दिल्ली, पृ. सं. ७० - ७८।
२७. श्यामसिंह शशी, सन् १९८५, **भारत की पशुपालक जातियां**, दिल्ली, पृ. सं. ३२।
२८. डी. एन. मजुमदार र टी. एन. मदन, सन् १९६०, **एन इन्ट्रडक्सन टु सोसियल एन्थ्रोपोलोजी**, कलकाता, पृ. सं. ५०।
२९. एस. सी. दूबे, सन् १९५८, **इण्डियन भिलेज**, लण्डन, पृ. सं. VI।
३०. एस. एन. श्रीनिवास, सन् १९६२, **कास्ट इन् मोर्डन इण्डिया एण्ड अदर एस्सेस**, बम्बई, पृ. सं. ६९।
३१. एस. पी. नगेन्द्र, सन् १९६८, **ट्रेडिसनल थ्योरी अव् कास्ट, टुवर्डस् दि सोसियोलोजी अव् कल्चर**, बम्बई, पृ. सं. २६२।

भनेका छन्।[३२] यसरी नै विद्वान् जगजीवन रामले वर्ण - व्यवस्था, जाति - व्यवस्था, अनुसूचित जाति र उनीहरूका समस्या, वर्गहीन समाजका सपना, हरिजन झैँ निम्न जाति अन्यायको सिकार आदिबारे चर्चा - परिचर्चा गरेका छन्। उनले जातिबारे आफ्नो अवधारणा स्पष्ट गर्दै जाति प्रथाको सङ्कल्पना र यसको व्यवहार अभिजातवर्गको विचारप्रति आधारित रहेको बताएका छन्।[३३] समाजशास्त्री जी. के. अग्रवालले जातिको अर्थ र परिभाषा, जाति तथा वर्ग, जाति - व्यवस्थाको उत्पत्ति, जाति व्यवस्थाको गुण तथा दोष, जाति व्यवस्थामा परिवर्तन, भारतमा जातिको भविष्य, अनुसूचित जाति र यसको समस्या अनि समाधान, अन्य पछौटे वर्ग: अवधारणा एवम् समस्या आदि विषयहरूमा विस्तृत अध्ययन गरेका छन्। उनले जुन समूहका सामाजिक स्थितिको निर्धारण जन्मको आधारमा हुन्छ, त्यसैलाई जाति भनिन्छ भनेका छन्।[३४] यसरी नै काशी हिन्दू विश्वविद्यालय (वाराणसी) - को समाजविज्ञान विभागका शोध - छात्र श्रवण कुमार सिंहले जातिको अर्थ र परिभाषा, जातिवादको अवधारणा, बिहारका जाति समूह, यसको वर्गीकरण, जातीय राजनीतिकरण आदिबारे अध्ययन गर्दै अत्यन्त संकीर्ण दृष्टिकोण भएको जातिवादले सामाजिक हितलाई उपेक्षा गरेको कुरा उल्लेख गरेका छन्।[३५]

जातिको अवधारणा र यसको उत्पत्ति, विशेषता, विकास आदिबारे नेपाली विद्वान् , समाजशास्त्री, मानवविज्ञानी, समीक्षक आदिले पनि आ - आफ्नै धारणा व्यक्त गरेका छन्। इतिहासविद् कुमार प्रधानले जात, जाति शब्दको अर्थ र परिभाषा; यसको प्रकृति, रेस, नस्ल (एथनिसिटी), जीन, वंश, वर्ण आदि शब्दको अवधारणा आदिबारे अध्ययन गर्ने क्रममा कुनै जनगोष्ठीलाई जाति भन्ने मुख्य आधार नस्ल, धर्म, संस्कृति र राष्ट्रियतालाई नमानेर भाषालाई मानेका छन्।[३६] समाजशास्त्री जमदग्नि उपाध्यायले जातिको अवधारणा, भारतमा जाति र जातीयवाद, नेपाली जातिसत्ता,जातिका साधारण वैशिष्ट्य, जातीयतावादका लक्षण, जातिबारे कतिपय भ्रान्त धारणा, जातिको भाग्य निर्धारण, यसको समस्या, रुस र चीनमा नयाँ नीतिको भूमिकामा जातिहरू आदि विषयमा सम्यक रूपमा अध्ययन गरी जातिको अवधारणा स्पष्ट पार्दै विभिन्न साझा वैशिष्ट्यमा एकक परिचय दिनसक्ने जनसमुदायलाई जाति भनी परिभाषित गरेका छन्।[३७] टङ्क के. सी.ले जनजातिको अवधारणा र पहिचान, शेर्पा र तामाङ जातिका संस्कृति, गुरुङ जातिको विवाह प्रथा तथा राई, लिम्बू , थारू, नेवार, राउटे, चेपाङ, कुसुण्डा आदि जात समुदायको बारेमा अध्ययन गर्ने क्रममा कुनै पनि जातिको धर्म, संस्कृति, भाषा, लिपि, मौलिक परम्पराहरू परापूर्वदेखि चलिआएका हुन्छन् अनि त्यही परम्पराले आ - आफ्नो वंश फैलिएर जान्छ भनेका छन्।[३८] डिल्लीराम शर्माले जात, जातिको प्रकृति, संस्कृति तथा जाति, जातिवाद र नेपाली समाज आदि विषयमा गरेको

३२. सच्चिदानन्द सिन्हा, सन् २००६, **जाति व्यवस्था**, नई दिल्ली, पृ. सं.६९।

३३. जगजीवन राम, सन् १९८५, **भारत में जातिवाद और हरिजन समस्या**, दिल्ली, पृ. सं. ३२।

३४. गोपालकृष्ण अग्रवाल, सन् २००९, **भारतीय सामाजिक व्यवस्था**, आग्रा, पृ. सं. ०७।

३५. श्रवण कुमार सिंह, सन् २००६, **भारतीय राष्ट्रवाद में जातिवाद**, वाराणसी, पृ. सं. २१८।

३६. कुमार प्रधान, सन् १९९१, 'जातित्वको प्रश्न र भाषा', **आधार** ( सम्पा.- सी. के. श्रेष्ठ ), वर्ष - १, अङ्क - २, नयाँ दिल्ली, पृ. सं. १०।

३७. जमदग्नि उपाध्याय, सन् १९८९, **जाति समस्या र नेपाली जाति**, शोणितपुर, पृ. सं. ०८।

३८. टङ्क के. सी., सन् २०००, **हाम्रो संस्कृति र जातीय अस्तित्व**, काठमाडौं, पृ. सं. ०७।

अध्ययनका आधारमा जातिको अवधारणा भाषा, संस्कृति, लोक साहित्य आदिसँग सम्बन्धित रहेको बताएका छन्।[३९] शान्तिराज शर्माले खस जातिको इतिहास अध्ययन गर्ने क्रममा मानिस जुन वंश, कुल र रक्तधारामा जन्मिन्छ, त्यो त्यही जातिको हुन्छ भनेका छन्।[४०] यसरी नै भीम सुब्बाले कुनै पनि प्राणी जन्मनासाथ आफ्नो जातित्व पनि लिएर आउने हुनाले आफू जन्मिएको समुदायका भाषा, संस्कृति, संस्कारद्धारा नै जातिको अर्थ पनि प्रष्टिने बताएका छन्।[४१] उनको अध्ययन विशेषत: गोर्खा जातिको उत्पत्ति, यसको जातीय विभाग, गोर्खा जातिको संस्कृति, यसको इतिहास बारे केन्द्रित छ। जनकलाल शर्माले वर्ण र जाति शब्दको व्याख्या, वर्ण र जात, वर्ण सङ्कर जातिको सामाजिक स्थिति, जाति र प्रजातिमा भेद, प्रजातिवाद र वंशानुक्रम, शारीरिक लक्षण, रक्त, भाषा आदिको आधारमा प्रजातिवाद, जातिवाद उत्पन्न हुने कारण आदि विषयमा विस्तृत रूपमा अध्ययन गरेका छन्। उनका विचारमा जात, वंश, वर्ण, जाति आदि शब्दको अवधारणा स्पष्ट पार्दै जन्म एवम् आनुवांशिकतामा आधारित हुने मानव समुदाय नै जाति हो।[४२] गोविन्दप्रसाद भट्टराईले नेपाली जातिको इतिहास, उत्पत्ति एवम् विकास, खसजाति र खसदेश, खस जातिको विस्तार आदि विषयमा अध्ययन गरी किराँत, गुरुङ, मगर प्रभृति समुदाय जस्तै खस जातिलाई पनि आदिवासी मानेका छन्।[४३]

समाजशास्त्री बासु बरालले वर्णको अर्थ र परिभाषा, वर्ण - व्यवस्था र यसको उत्पत्ति, जातिको परिभाषा, जाति - प्रथाका विशेषताहरू, जातिको वर्गीकरण, जाति - प्रथाको उत्पत्ति र यसका गुणहरू, जातिवादको परिभाषा, जातिवाद विकासका कारणहरू र यसको परिणाम, जाति - व्यवस्थाको गतिशीलता आदि विषयमा विस्तृत रूपमा अध्ययन गरी प्रजातीय अथवा जन्मगत भेदको आधारमा बनेका एउटा व्यवस्थालाई जाति भनेका छन्।[४४] समाजशास्त्री प्रेमकुमार खत्रीले सामाजिक सङ्गठन र समाजमा रहने विभिन्न जात, जातिको अवधारणा, वर्णाश्रम व्यवस्था र यसको उत्पत्ति, पेशागत जातहरू र उनीहरूका विवाह प्रथा आदिबारे आफ्नो अध्ययन अन्तर्गत धर्मशास्त्र, स्मृतिग्रन्थ र पुराणका युगमा वर्णको स्थान जातिले लिएको बताउँदै 'जाति' शब्दको सम्बन्ध जन्मसित रहेको मानेका छन्।[४५] यसरी नै शान्ति सुरभले जात, जातिको प्रकृति र विशेषता, तान्त्रिक परम्परामा जाति - प्रथा, खस परम्परा र जाति आदि विषयमा अध्ययन गरी जाति प्रथाकै कारण प्राचीन समयमा सैनिकवर्ग, पुरोहितवर्ग, दासवर्ग आदिमा विभाजन आएको तथा ब्राह्मण, क्षत्रीय, कमारा आदि वर्णहरूको सूत्रपात भएको बताएका छन्।[४६] चन्द्रशेखर उपाध्यायले नेपाली जातिमा विद्यमान चारसयभन्दा थरहरू र गोत्र चाहिँ थोरै रहेको उल्लेख्य गरेका छन्।[४७]

३९. डिल्लीराम शर्मा, सन् १९९५, **नेपालबाहिर नेपाली साहित्य र संस्कृति**, ललितपुर, पृ. सं. ५९।
४०. शान्तिराज शर्मा, सन् १९९५, **खस किराँत संस्कृति**, सिलगढी, पृ. सं. १३६।
४१. भीम सुब्बा, सन् १९९१, **गोर्खा जातिको संक्षिप्त इतिहास**, दार्जिलिङ, पृ. सं. ६६।
४२. जनकलाल शर्मा, सन् २००१, **हाम्रो समाज : एक अध्ययन**, ललितपुर, पृ. सं. ७८।
४३. गोविन्दप्रसाद भट्टराई, सन् १९८०, **नेपाल र नेपाली**, काठमाडौं, पृ. सं. ६३।
४४. बासु बराल, सन् १९९३, **हिन्दू सामाजिक सङ्गठनको प्रारूप**, काठमाडौं, पृ. सं. ५०।
४५. प्रेम कुमार खत्री, सन् १९९३, **नेपाली समाज र संस्कृति**, काठमाडौं, पृ. सं. ७५।
४६. शान्ति सुरभ, सन् १९७६, **हाम्रो संस्कृति : एक सिंहावलोकन**,काठमाडौं, पृ. सं. ८०।
४७. चन्द्रशेखर उपाध्याय,सन् २००६, 'नेपाली जातिमा थर र गोत्र - एउटा छोटो चिन्हारी', **भानुज्योति** (सम्पा.- लेखक स्वयम् ), वर्ष - १, अङ्क - १, ढिकियाजुली, पृ. सं. ६७।

कुमारी नैनादेवीले जात, जाति र जातीयताको अवधारणा स्पष्ट पार्दै आफ्नो मातृभूमि, मातृभाषा, संस्कृति आदिप्रति माया, श्रद्धा गर्नु नै जातीयता हो भनेकी छन्।[४८] इतिहासविद् हरिप्रसाद श्रेष्ठले हिन्दू समाजमा वर्ण व्यवस्था, जातकर्म, नेपाली जनजातिहरू मगर, गुरूङ, नेवार, किराँत, राई, लिम्बू , शेर्पा, थारू आदि समुदायका समाजिक अध्ययनबाट तिनीहरूका संस्कृति, परम्परा, आस्था, विश्वास आदि थाहा पाइने कुरा बताएका छन्।[४९] नारदमुनि थुलुङले किराँत जातिको उत्पतिगत स्रोतहरुबारे अध्ययन गर्ने क्रममा मल्ल, कायस्त र किन्नर जातिहरूको इतिहास प्रस्तुत गरी संसारको सृष्टि हुँदा चेतनशील वा ज्ञानदीक्षित हुने जातिलाई मानव र यसबाट वञ्चित अन्य जातिलाई पशु - पंक्षी भनिएको बताउँदै यसैभित्र जातिको अवधारणा पनि रहेको बताएका छन्।[५०]

समाजशास्त्रीद्धय रेशराज अधिकारी र हरिहर घिमिरेले जात - जातिको परिचय र परिभाषा, जाति व्यवस्थाका विशेषताहरू, जाति समूह र यसका विशेषताहरू साथै शेर्पा, गुरुङ, थारू आदि जाति समुदायहरूका संस्कार, संस्कृतिबारे विस्तृत रुपमा अध्ययन गरी जातिबारे विभिन्न पाश्चात्य साहित्यका विद्वान् , समाजशास्त्री, मानवमितीशास्त्री आदिका विचारहरूलाई खण्डन गर्दै हिन्दू धर्मदर्शनको वर्णव्यवस्थामा आधारित समाजमा स्तरीकृत ल्याउने व्यवस्थालाई जात मानेका छन्।[५१] यसरी नै विद्वान् रजनीकान्त शास्त्रीले हिन्दू जातिको उत्पत्ति, वर्ण व्यवस्थाको वैदिक उत्पति, जाति र वर्णमा भेद, जातिको लक्षण, जन्मअनुसार वर्ण, जातिबाट हुने हानिहरू, जातिभेद मेटाउने उपायहरू आदि विषयमा विस्तृत रूपमा अध्ययन गरेर जातिलाई प्राकृतिक वस्तु मानेका छन्।[५२] पेशल दाहालले वर्ण र जातिको अवधारणा, वर्णाश्रम व्यवस्थाको परिचय, वर्ण व्यवस्थाको उत्पति र विकास, नेपालमा वर्ण व्यवस्था, जातकर्म संस्कार आदि विषयमा अध्ययन गरी जन्मका आधारमा निर्धारित मानव समूहलाई जाति भनेका छन्।[५३]

हिन्दी साहित्यका जातीय चेतनामूलक कृतिहरुबारे समालोचक, समीक्षक र अध्ययेताहरूले स्फुट अध्ययन गरेका छन्। केशव पाण्डेयले जातीय चेतनाको सम्बन्ध जातीय मूल्यहरु एवम् मानदण्डसित रहेको मानेका छन्।[५४] यसरी नै निलम त्रिपाठीले समाज, धर्म, राजनीति, अर्थ, संस्कृति, आधुनिक बोध आदि तत्त्वहरूसित जोडिएर जातीय चेतना स्वतन्त्र रूपमा निर्मित हुन्छ भनेकी छन्।[५५] मैनेजर पाण्डेयले 'जातीय साहित्य की प्रगति की पहिचान' शीर्षक लेखमा रामविलास शर्माको इतिहास

४८. कुमारी नैनादेवी, सन् १९५४, 'जातीयता', **भाग्सु-वाणी** (सम्पा.-मगन 'पथिक'), वर्ष - ३, अङ्क - ३, भाग्सु , पृ. सं. १८।

४९. हरिप्रसाद श्रेष्ठ, सन् १९८९, **नेपालको इतिहास र संस्कृति - एक झलक**, विराटनगर, पृ. सं. १८५।

५०. नारदमुनि थुलुङ, सन् १९८५, **किराँतको नालि - बेलि**, बिराटनगर, पृ. सं. १६६।

५१. रेशराज अधिकारी र हरिहर घिमिरे, सन् २००१, **नेपाली समाज र संस्कृति**, काठमाडौं, पृ. सं. १६८।

५२. रजनीकान्त शास्त्री, सन् २००७, **हिन्दू जातिको उत्थान र पतन** (अनुवादक - बालकृष्ण श्रेष्ठ 'नेभा'), काठमाडौं, पृ. सं. २३३।

५३. पेशल दाहाल, सन् १९९१, **नेपालको इतिहास र संस्कृति**, काठमाडौं, पृ. सं. १३९।

५४. केशव पाण्डेय, सन् १९८०, **जातीय चेतना और हिन्दी कें उपन्यास**, शोध - पत्र, वाराणसी, पृ. सं. १८ - १९।

५५. नीलम त्रिपाठी, सन् १९८८, **जातीय चेतना : स्वतन्त्र्योत्तर ऐतिहासिक हिन्दी उपन्यास**, शोध - पत्र, वाराणसी, पृ. सं. १५०।

दृष्टिबारे विवेचना गर्दै प्रगतिशील आन्दोलन र प्रगतिवादी साहित्यले हिन्दी साहित्यको जातीय भावनाप्रधान साहित्यमा पारेको प्रभाव र विकासलाई स्पष्ट पारेका छन्। उनले यस लेखमा हिन्दी साहित्यको भक्ति आन्दोलनलाई हिन्दू जातिको जातीय उत्थान मानेका छन्।[५६] नित्यानन्द श्रीवास्तवले 'हिन्दी नवगीत और कविता का जातीय पक्ष' लेखमा हिन्दी साहित्यका गीत र जातीय भावनाप्रधान कविताहरूको विश्लेषण गर्दै हिन्दी नवगीत, गद्य कविता एवम् हिन्दी कवितामा मानव जातिको 'स्व'- को पहिचानलाई जातीय पहिचान मानेका छन्।[५७]

नेपाली साहित्य संसारमा जातीय चेतनाप्रधान साहित्य बारे केही स्फुट अध्ययन भएको पाइन्छ। चियाकमानका मालिक, साहेब र साहुमहाजनद्वारा शोषित, पीडित श्रमिकहरूमा आएको जातीय चेतनालाई लक्खीदेवी सुन्दासले 'युद्धमा जन्मेका नेपाली सवाई र साहित्य'-मा सङ्केत गरेकी छिन्।[५८] उनले 'जातीय जागृतिका कवि पण्डित धरणीधर' शीर्षक लेखमा जातीय धाराका कविताको पृष्ठभूमि, कवि धरणीधर शर्मा र उनको जातीय भावनाप्रधान कविताहरूको सामान्य अध्ययन - विश्लेषण गर्ने क्रममा कवि धरणीधर शर्मालाई नेपाली समाजका जातीय जागरणका प्रवक्ता र अगुवा कवि मानेकी छन्।[५९] केशवप्रसाद उपाध्यायले 'भानुभक्त : जातीय कविको रुपमा' नामक लेखमा कवि भानुभक्त आचार्यको जातीय भावनाप्रधान कविता - कृतिहरूका सम्यक अध्ययन गरेका छन्। जाति या समाजले भोगेको र अनुभव गरेको जीवनका विविध पक्षलाई अभिव्यक्ति दिन सक्ने कविलाई नै जातीय कवि मानी भानुभक्त आचार्यलाई नेपाली काव्य जगत्का प्रथम जातीय कवि ठह्याएका छन्।[६०] जीवन नामदुंगले 'जातीय जागृतिका गायक पण्डित धरणीधर' शीर्षक लेखमा कवि धरणीधरलाई नेपाली समाजमा साहित्यको माध्यमद्वारा जागृति ल्याउने गायक मानेका छन्।[६१] कुमार प्रधानले 'अगमसिंह गिरीका कवितामा जातीय भावना' शीर्षक समालोचनात्मक लेखमा कवि गिरीमा पाइने जातीय चेतनालाई विशेष रुपमा विश्लेषण गरेका छन्[६२] भने 'दार्जीलिङको नेपाली जाति : एउटा ऐतिहासिक अध्ययन र पादरी गङ्गाप्रसाद प्रधानको सन्दर्भमा' - मा शीर्षक दुइवटा लेखमा दार्जिलिङमा नेपाली जाति कहिलेदेखि बसोबासो गर्नथाले, उनीहरूमा स्वजातिप्रतिको चेतना के कारणले र कसरी अनि कहिलेदेखि जागृत भयो आदिबारे

---

५६. मेनेजर पाण्डेय, सन् २००९ 'जातीय साहित्य की प्रगति की पहचान', **साहित्य और इतिहास दृष्टि**, नई दिल्ली, पृ. सं. १६८।

५७. नित्यानन्द श्रीयास्तय, सन् २००६, 'हिन्दी नवगीत और कविता का जातीय पक्ष',**सम्मेलन पत्रिका** (सम्पा. - विभूति मिश्र), भाग - ९१, सङ्ख्या - २, इलाहाबाद, पृ. सं. ३३-३४ ।

५८. लक्खीदेवी सुन्दास, सन् १९७०, 'युद्धमा जन्मेका नेपाली सवाई र साहित्य', **दियो** (प्रधान सम्पा. - एल. बी. राई), वर्ष - १५, अङ्क ८-९, पृ. सं. ७-९।

५९. लक्खीदेवी सुन्दास, सन् २००८, 'जातीय जागृतिका कवि पण्डित धरणीधर',**समय र समीक्षण**, दार्जिलिङ, पृ. सं. ५५।

६०. केशवप्रसाद उपाध्याय, सन् १९७५, 'भानुभक्त : जातीय कविको रुपमा', **केही रचना : केही विवेचना**, काठमाडौं, पृ. सं. ४-५।

६१. जीवन नामदुंग, सन् १९८०, 'जातीय जागृतिका गायक पं. धरणीधर', **दियालो** (सम्पा. - रामलाल अधिकारी), धरणीधर शर्मा विशेषाङ्क, वर्ष - १९, हाँगो - ९०, दार्जिलिङ, पृ. सं. ७२-७७।

६२. कुमार प्रधान, सन् १९८२, 'अगमसिंह गिरीको कवितामा जातीय भावना', **मनन** (सम्पा.- आ. वि. गुमानसिंह चामलिङ, प्रवेशाङ्क, दार्जिलिङ, पृ. सं. ७१-८७।

विस्तृत रूपमा चर्चा गरेका छन्।[६३] जस योञ्जन 'प्यासी' - ले **'प्यासी ' का केही समालोचनामा** कवि अगमसिंह गिरीका जातीय चेतनाप्रधान कविता - कृतिहरूको अध्ययन गरेका छन्।[६४]

लीलबहादुर छेत्रीको **पूर्वात्तर भारतीय नेपाली साहित्य र समाजको ऐतिहासिक दिग्दर्शन** (सन् २०००) मा उत्तर - पूर्वाञ्चल भारतका केही जातीय भावना अभिव्यक्त भएका कविता कृति र लेखकहरूको चर्चा गरिएको पाइन्छ भने पूर्वाञ्चलकै समालोचक दुर्गाप्रसाद घिमिरेले 'पूर्वाञ्चलीय नेपाली साहित्यको विकास' (सन् १८९३ देखि २००३ सम्म) लेखमा पनि पूर्वाञ्चलका जातीय भावनामा मुछिएका कविता र कविहरुका सूची प्रकाश गरेका छन्।[६५] अगमसिंह गिरीका कविताहरु बारे अध्ययन - विश्लेषण गर्ने क्रममा जीवन नामदुङले **अगमसिंह गिरीका कविताको अध्ययन र आधार** (२०००) - मा गिरीको जातीय चेतनामूलक कविताहरूलाई अध्ययन गरेका छन्। बी. योञ्जनले 'भारतीय नेपाली जातीय समानाधिकारको प्रश्नमा प्रगतिशील साहित्यको भूमिका' शीर्षक लेखमा भारतीय नेपाली जातिको ऐतिहासिक पृष्ठभूमि र जातीय समान अधिकारमा नेपाली जातीय भावनाप्रधान साहित्यले वहन गरेको भूमिकाका सन्दर्भमा मार्क्सवादी बिचारक जे. भी. स्तालिनको जातिबारे अवधारणालाई उद्धृत गर्दै कुनै पनि जातिको जातीय प्रश्न भनेको जीववैज्ञानिक अवधारणा नभएर सामाजिक र ऐतिहासिक अवधारणा हो भनेका छन्।[६६] हर्कबहादुर छेत्रीले 'जातीय कवि गिरी - केही चर्चा' शीर्षक लेखमा गिरीको अन्योल नै भारतीय नेपालीहरूका अन्योल हो भन्दै कवि गिरीलाई चिन्हारीका कवि मानेका छन्।[६७] यसरी नै विनञ्जय गुरुङले 'समाज र जातिको चिन्हारी - साहित्य' शीर्षक लेखमा जाति र समाजको प्रगति, विकास र उत्थानमा साहित्यले निर्वाह गरेको भूमिकालाई अध्ययन गरी कुनै पनि जातिको संस्कार, संस्कृति, रीति - थीति, जीवन प्रणाली आदि तत्त्वलाई पछिसम्म दिगो र दीर्घायु राख्ने सञ्जीवनी साहित्यलाई मानेका छन्।[६८] नरबहादुर दाहालले 'कवि गिरीका जातीय चेतनाको दुई कविता' शीर्षक लेखमा 'अस्तित्वको होली' र 'शिव - स्तुति' नामक दुईवटा कविताका आधारमा कवि गिरीलाई दार्जिलिङका सुप्रसिद्ध जातीय कवि मान्दै उल्लेखित दुईवटै कवितामा जातीय चेतना पाइन्छ भनेका छन्।[६९]

---

६३. कुमार प्रधान, सन् १९८२, **पहिलो पहर**, दार्जिलिङ, पृ. सं. ३ - ८८।

६४. जस योञ्जन 'प्यासी', अगस्त १९८३, 'कवि गिरीको युद्ध र योद्धा', **'प्यासी' का केही समालोचना**, दार्जिलिङ, पृ. सं. ५३ - ६४।

६५. दुर्गाप्रसाद घिमिरे, सन् २००३, 'पूर्वाञ्चलीय नेपाली साहित्यको विकास', **साधना**, तेजपुर, पृ. सं. ४० - ४८।

६६. बी. योञ्जन, सन् २००४, 'भारतीय नेपाली जातीय समानाधिकारको प्रश्नमा प्रगतिशील साहित्यको भूमिका', **प्रगति** (सम्पा. - रूपनारायण पाठक), पहिलो मोड, दोस्रो कदम, असम, पृ. सं. २७।

६७. हर्कबहादुर छेत्री, २६ मई २००१, 'जातीय कवि गिरी-केही चर्चा ', **खबर पत्रिका** (सम्पा. - लेखक स्वयम्), वर्ष - १, अङ्क - ५, पृ. सं. ०२।

६८. विनञ्जय गुरुङ, सन् २००८, 'समाज र जातिको चिन्हारी - साहित्य', **सुवासना** (सम्पा. - प्रेम सुब्बा), वर्ष - ३, अङ्क - ३, सियोक, पृ. सं. ५०।

६९. नरबहादुर दाहाल, ३१ दिसम्बर २००५, 'कवि गिरीका जातीय चेतनाको दुई कविता', **सुनचरी** (सम्पा. - कुमार प्रधान), सिलगढी, पृ. सं. ०६।

उपर्युक्त पूर्वकार्यको सर्वेक्षणअनुसार जात र जातिको अवधारणा, जातिको उत्पति र विकास, जातिवादको विकास, वर्ण, वंश, कुल, गोत्र, नृवंश आदिको अवधारणा, जातीय चेतना र यसको साहित्यमा प्रभाव, जातीय चेतनाप्रधान कवि र कविताहरू आदिबारे विभिन्न पुस्तक, पत्र - पत्रिका, समालोचनात्मक ग्रन्थ, शोध - पत्र आदिमा संक्षिप्त प्रासङ्गिक अथवा स्फुट रूपमा लेखादी पाइन्छ। तर जातीय चेतनामूलक साहित्यको बारेमा विस्तृत रूपमा अध्ययन विश्लेषण गरिएको कुनै मानक ग्रन्थ उपलब्ध छैन, न त जातीय चेतनामूलक भारतीय कविता विषयमा स्वतन्त्र शोधकार्य भएको छ। अतः यस दिशातर्फ गम्भीर रूपमा अध्ययन, अनुसन्धान र अन्वेषण गर्नुपर्ने आवश्यकता रहेको छ।

## १.५ शोधकार्यको औचित्य

पूर्वकार्यको सर्वेक्षणबाट के कुरा स्पष्ट हुन्छ भने कवि अगमसिंह गिरीका कविता - कृतिमा अभिव्यक्त जातीय चेतनालाई विभिन्न लेखकहरुले आ - आफ्नै ढङ्गमा चर्चा - परिचर्चा गरी लेखिएका समालोचनात्मक लेख, पुस्तक आदि उपलब्ध भए तापनि सम्पूर्ण भारतीय नेपाली कवितालाई समेटेर यसमा अभिव्यक्त जातीय चेतनाको अध्ययन, विश्लेषण र समीक्षण भने कुनै कृतिमा भएको पाइन्न। यसर्थ भारतबाट प्रकाशित र लेखिएको कविता - कृतिहरुको सर्वेक्षण गरी यसमा अभिव्यक्त जातीय चेतनालाई प्रस्तुत शोधकार्यमा प्रस्टाइएको छ। प्रस्तुत शोध - शीर्षकअन्तर्गत कुनै पनि शोधकार्य नभएको हुँदा यस शोधकार्यको औचित्य रहेको छ।

## १.६ शोधकार्यको क्षेत्र र सीमा

प्रस्तुत शोधकार्यको भौगोलिक क्षेत्र भारतको पश्चिम बङ्गाल राज्यअन्तर्गत रहेका जम्मा एक्काइसवटा जिल्लाहरुमध्ये दार्जिलिङ जिल्लाका दार्जिलिङ, खरसाङ, मिरिक, सिलगढी; कालेबुङ जिल्लाका कालेबुङ; जलपाईगढी जिल्लाका डुवर्स क्षेत्र; सिक्किम राज्यका चारैवटा जिल्लाहरू उत्तर, दक्षिण, पूर्व र पश्चिम; उत्तर - पूर्वाञ्चल क्षेत्रभित्रका सातवटा राज्य असम, मेघालय, नागाल्याण्ड, मणिपुर, त्रिपुरा, मिजोरम र अरुणाचल प्रदेश तथा उत्तर - पश्चिमाञ्चलअन्तर्गत पर्ने उत्तर प्रदेश, हिमाचल प्रदेश र उत्तराञ्चल राज्यभित्र पर्ने देहरादून, भाक्सु वा धर्मशाला, कागडा तथा अन्याय ठाउँ रहेका छन्। यस शोधकार्यमा उपर्युक्त क्षेत्रहरुबाट सन् १९०० देखि सन् २००० सम्म प्रकाशित शताब्दीव्यापी जातीय चेतनामूलक भारतीय नेपाली कविताहरुको विश्लेषणात्मक अध्ययन गरिएको छ।

भारतमा जन्मिएका नेपाली कवि, भारतबाट प्रकाशित भएका नेपाली कविता - कृति अनि भारतीय नेपाली जातिको सुरक्षा, अस्तित्व र अस्मितालाई सान्दर्भिक गरेर रचिएका कविता - कृतिहरुको सम्यक अध्ययन प्रस्तुत शोधको क्षेत्र छ। यसबाहेक भारतमा जन्मिएका कवि, भारतीय नेपाली जातिका अस्तित्व र अस्मितामाथि रचिएका उनीहरुका कविता - कृति तर प्रकाशन भने नेपाल वा अन्य ठाउँबाट भएका भए ती कविता - कृतिहरुका अध्ययन पनि प्रस्तुत शोधमा गरिएको छ। भारतमा जन्मिएका कवि, भारतबाटै प्रकाशित भएका उनीहरुका कविता - कृति तर भारतीय नेपालीको सन्दर्भमा नभएर नेपालका

नेपालीहरूका सन्दर्भमा लेखिएका कविता - कृतिहरूको अध्ययन भने प्रस्तुत शोधप्रबन्धमा गरिएको छैन। यसका अतिरिक्त राष्ट्रप्रेम, राष्ट्रिय भावनाप्रधान, देश र माटोको सुरक्षाका निम्ति लेखिएका कविता - कृतिहरूको पनि अध्ययन प्रस्तुत शोधप्रबन्धमा गरिएको छैन।

### १.७ शोधविधि

प्रस्तुत शोधकार्यका निम्ति निम्न शोधविधि अँगालिएको छ -

(क) सामग्री सङ्कलन विधि।

(ख) विश्लेषण विधि।

### १.७.१ सामग्री सङ्कलन विधि

यसअन्तर्गत दुई विधि अप्नाइएको छ –

(अ) पुस्तकालयीय अध्ययन विधि र (आ) क्षेत्रीय अध्ययन विधि।

### १.७.१.(अ) पुस्तकालयीय अध्ययन विधि

प्रस्तुत शोधप्रबन्ध तयार पार्नका निम्ति विभिन्न पुस्तकालयहरुमा गई शोध विषयसम्बन्धी पुस्तक, पत्र - पत्रिका, शोधपत्र आदिको अध्ययन र अवलोकन गरी आवश्यक सामग्री सङ्कलन गरिएको छ।

### १.७.१. (आ) क्षेत्रीय अध्ययन विधि

विभिन्न ठाउँ वा क्षेत्रमा गएर स्थलगत रूपमा आवश्यक शोध सामग्री सङ्कलन गरिने विधिलाई क्षेत्रीय अध्ययन विधि वा पद्धति भनिन्छ।[७०] यस विधिका आधारमा निम्नलिखित दुईवटा उपकरणको प्रयोग गरिएको छन् –

(i) प्रश्नावली र

(ii) अन्तवार्ता

### १.७.१. (आ). (i) प्रश्नावली

सामग्री सङ्कलनका दृष्टिले प्रश्नावली निक्कै लोकप्रिय उपकरण मानिन्छ। असल प्रश्नावली छोटा र सरल हुनुपर्दछ।[७१] प्रश्नहरू यथासम्भव छोटा, छरिता, बोधगम्य हुनुपर्ने साथै व्यक्तिगत लाञ्छना लगाउने, घोचपेच गर्ने, झर्कोलाग्दो तथा सामाजिक मूल्य, मान्यता र मर्यादा विपरीत हुनु हुँदैन भन्ने कुरामा सचेतता रहेको छ।

---

७०. मोहराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, सन् १९९५, **शोधविधि**, काठमाडौं, पृ. सं. ४१।

७१. केदारप्रसाद शर्मा, सन् २००३, 'अनुसन्धानात्मक सामग्री - सङ्कलन विधि : एक सङ्क्षिप्त परिचय', **अनुसन्धान विधिका केही पक्ष**, काठमाडौं, पृ. सं. ६५।

### १.७.१. (आ). (ii) अन्तर्वार्ता

सामान्य अर्थमा अन्तर्वार्ता भन्नाले उद्देश्यमूलक ढङ्गले कसैसँग गरिने कुराकानी, वार्तालाप वा साक्षात्कारलाई बुझिन्छ। अन्तर्वार्ता दुई प्रकारका हुन्छन् - निर्देशित र अनिर्देशित अन्तर्वार्ता। पूर्वनिर्धारित प्रश्नहरू र स्तरीय प्रविधिमा आधारित अन्तर्वार्तालाई निर्देशित अन्तर्वार्ता भनिन्छ। यस प्रकारको अन्तर्वार्तामा सोधाइको क्रम, शब्दावली, रेकर्डिङ आदि सबै पूर्व निर्धारित हुन्छन् तर अन्तर्वार्ता दिने व्यक्तिको रुचिअनुसार खुला रूपका प्रश्नको समेत प्रयोग गरी सन्तोषजनक उत्तर नआउन्जेल प्रश्नहरू दोहोऱ्याएर सोध्न सकिन्छ। अनुकूल, औपचारिक, लचिलो र प्रभावकारी परिवेशमा अन्तर्वार्ता दिने व्यक्तिका धारणा, अनुभव, मूल्य र मान्यता बुझ्न तथा प्रशस्त सूचना सङ्कलन गर्नका निम्ति अनिर्देशित अन्तर्वार्ताको प्रयोग गरिन्छ। प्रस्तुत शोध विषयसम्बन्धी स्पष्ट रूपमा तथा पुस्तकालयहरूमा नपाइएका तथ्य वा सामग्रीहरूका निम्ति भारतका विज्ञजनसँग अन्तर्वार्ता लिइएको छ।

### १.७. (ख) विश्लेषण विधि

सङ्कलित सामग्रीहरूलाई विभिन्न सिद्धान्त, वाद, प्रणाली आदि सैद्धान्तिक पक्षको यथास्थान प्रयोग गरी विश्लेषण गर्ने र शोधकार्य के - कसरी गर्ने भन्ने जानकारी दिनु पर्दछ। यसैले प्रस्तुत शोधकार्यमा जातीय चेतनामूलक भारतीय नेपाली कविताहरूको अध्ययन र विश्लेषण गरिने हुनाले प्राप्त सामग्रीहरूको अवलोकन जातीय भावना, जातीय अस्तित्व, क्रान्तिकारी चेत, निजत्वबोध, जातिप्रेम, जातीयता, जातीय सुरक्षा, अस्मिता र अस्तित्व आदिको आधारमा गरिएको छ। प्रस्तुत शोधप्रबन्धमा मूलतः विश्लेषणात्मक विधि ग्रहण गरिएको छ।

कविताको अध्ययन - विश्लेषण आन्तरिक र बाह्य दुईवटा आधारमा गर्न सकिन्छ। प्रस्तुत शोधप्रबन्धमा पनि जातीय चेतनामूलक भारतीय नेपाली कविताहरूको अध्ययन र विश्लेषण यही दुईवटै आधारमा नै गरिएको छ। शोधप्रबन्धमा पाद टिप्पणी राख्ने, फन्टको आकार र पङ्क्तिमाझ ठाउँ छोड्ने काममा **एम. एल. ए. हेन्डबुक फर राइटर्स अफ् रिसर्च पेपर,** सातौँ संस्करणलाई आधार बनाइएको छ। प्रस्तुत शोधप्रबन्धमा प्रयोग गरिएको वाक्य गठन, शब्दवाली, भाषाका निम्ति **प्रयोगात्मक नेपाली शब्दकोश**लाई आधार गरिएको छ। तर प्रस्तुत शोधप्रबन्धमा उदधृत गरिएका काव्य - कविताका पङ्त्ति वा अंशमा कविको वर्तनी नै राखिएको छ।

### १.८ शोध सामग्रीका स्रोत

शोध सामग्रीका स्रोत मुख्यतः दुई प्रकारका हुन्छन् –

(क) प्राथमिक स्रोत र

(ख) द्वितीयक स्रोत।

### १.८. (क) प्राथमिक स्रोत

प्राथमिक स्रोतअन्तर्गत शोधकर्ता आफैले खोजेर, अध्ययन गरेर, जाँचेर भेला पारेका सामग्री तथा विज्ञजनसँग लिइएका वार्ता, अन्तर्वार्ता, व्यक्तिगत भेटघाट र पत्राचार, प्रश्नावली आदिबाट प्राप्त भएका तथ्यहरु प्राथमिक स्रोतको रुपमा प्रस्तुत शोधप्रबन्धमा लिइएको छ।

### १.८ (ख) द्वितीयक स्रोत

अघिबाटै कसैले खोजेको तथ्याङ्कलाई द्वितीय स्रोत भनिन्छ। शोधकार्यको निम्ति प्रयोग गरिने पुस्तकालय तथा सङ्घ - संस्था, व्यक्ति आदिबाट सङ्ग्रहित र सङ्कलित पुस्तक, शोधपत्र, पत्र - पत्रिका साथै दैनन्दिनी, जीवनवृत्त आदि यस शोधकार्यको द्वितीय स्रोत रहेको छ।

### १.९ शोधप्रबन्धको सङ्गठन

अध्ययनको सुविधाका निम्ति प्रस्तुत शोध - प्रबन्धलाई आठ अध्यायमा विभाजन गरी यसको सङ्गठन गरिएको छ।

प्रस्तुत शोधप्रबन्धको पहिलो अध्याय **शोधप्रबन्धको परिचय** रहेको छ। यस अध्यायमा प्रस्तुत शोधप्रबन्धको शीर्षक, शोधकार्यको समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको सर्वेक्षण, शोधकार्यको औचित्य, सीमा र क्षेत्र, शोधविधि, शोधको सङ्गठन जस्ता सैद्धान्तिक कुराहरुको परिचयात्मक व्याख्या गरिएको छ साथै शोध सम्भावना एवम् भावी शोधकर्ताको निम्ति सुझाउ पनि राखिएको छ।

**जात, जाति,राष्ट्र एवम् राष्ट्रियताका अवधारणाहरुको परिचय** शीर्षक नामक दोस्रो अध्यायमा जात र जातिको अर्थ तथा परिभाषा, जातिको उत्पत्ति, जातिको वर्गीकरण, राष्ट्र , राष्ट्रियता र राष्ट्रवाद; जाति सिद्धान्त वा जातिवादको विकास, नेपाली समाज र भारतीय नेपाली समाजमा जाति व्यवस्था जस्ता विषयहरुबारे विवेचना गरी शोधका निम्ति आवश्यक सौद्धान्तिक ढाँचा तयार पारिएको छ।

प्रस्तुत शोधप्रबन्धको तेस्रो अध्याय **भारतीय नेपाली कविताको विकास परम्परा र प्रवृत्ति** रहेको छ। यस अध्यायमा भारतीय नेपाली कविताको विकासक्रममा देखिएका विभिन्न प्रवृत्तिहरुको परिचयात्मक अध्ययन प्रस्तुत गरिएको छ। यसै अध्यायमा भारतीय नेपाली कवितालाई मुख्य पाँचवटा काल (पृष्ठभूमिकाल, प्रारम्भिककाल, विश्वयुद्ध काल, स्वातन्त्र्योत्तर काल र नवकाल) - मा विभक्त गरी प्रत्येक कालमा देखिएका काव्य प्रवृत्तिहरुको पनि विवेचना गरिएको छ।

प्रस्तुत शोधप्रबन्धको चौथो अध्याय **जातीय चेतनाको स्वरूप तथा भारतीय नेपालीहरूमा जातीय चेतनाको उद्‌भन र विकास** रहेको छ। यस अध्यायमा जातीय चेतनाको परिभाषा र स्वरूप, जातीय चेतना स्फूरणका आधीर तत्त्व, जातीय चेतना उद्‌भवका कारणहरु, जातीय चेतनाको उठान र यसको साहित्यमा प्रभावबारे विवेचना गरिएको छ। यसै अध्यायमा भारतीय नेपालीहरूमा जातीय चेतनाको उद्‌भव र विकासक्रम (सन् १९०० देखि सन् १९५० सम्म र सन् १९५१ देखि सन् २००० सम्म) - को समीक्षा समेत गरिएको छ।

प्रस्तुत शोधप्रबन्धको पाँचौँ अध्यायमा **जातीय चेतनामूलक भारतीय नेपाली कविताको पृष्ठभूमि**को विवेचना अन्तर्गत भौगोलिक, ऐतिहासिक, राजनैतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, धार्मिक साथै साहित्यिक पृष्ठभूमिको अध्ययन गरिएको छ।

प्रस्तुत शोधप्रबन्धको छैटौँ अध्याय **जातीय चेतनामूलक भारतीय नेपाली प्रतिनिधि कविहरू र उनीहरूका कविता - कृतिको परिचय** रहेको छ। यस अध्यायमा जातीय चेतनामूलक प्रतिनिधि भारतीय नेपाली कवि र उनीहरूका काव्य - कृतिहरूको परिचय प्रस्तुत गरिएको छ। ती हुन् - ज्ञानदिलदास, बहादुरसिंह बराल, धरणीधर शर्मा कोइराला, हरिप्रसाद शर्मा बास्तोला, महानन्द सापकोटा, मित्रसेन थापा, पुष्पलाल उपाध्याय, दुर्गा मल्ल, सन्तबीर लिम्बू , तुलसीबहादुर छेत्री, मगन 'पथिक', नरेन्द्रप्रसाद कुमाई , अगमसिंह गिरी, हरिभक्त कटुवाल, छबिलाल उपाध्याय, गोपीनारायण प्रधान, कमल 'बगाले ', युद्धवीर राणा, प्रेम शेर्पा 'विरोकी ', भूपेन्द्र अधिकारी, शान्ति छेत्री, नव सापकोटा, गिर्मी शेर्पा ' गोपर्मा ', केहार गुरुङ, विकास गोतामे, जस योञ्जन ' प्यासी ', भविलाल लामिछाने, पवन चामलिङ 'किरण', भीम 'सन्तोष', शोभाकान्ति थेगिम, मनप्रसाद सुब्बा, नोर्जाङ स्याङ्देन, गोपालबहादुर नेपाली, जीवन थिङ, राजेन्द्र भण्डारी, कृष्णप्रसाद भट्टराई।

प्रस्तुत शोधप्रबन्धको सातौँ अध्याय **जातीय चेतनामूलक भारतीय नेपाली कविता : अध्ययन र विश्लेषण** रहेको छ। यस अध्यायलाई दुई भागमा (सन् १९०० देखि सन् १९५० सम्म) र (सन् १९५१ देखि सन् २००० सम्म) विभक्त गरी सविस्तार विवेचना गरिएको छ। सन् १९०० देखि सन् १९५० सम्मका जातीय चेतनामूलक भारतीय नेपाली कवितालाई चार उपभागमा तथा सन् १९५१ देखि सन् २००० सम्मका जातीय चेतनामूलक भारतीय नेपाली कवितालाई आठ उपभागमा विभाजन गरी तिनको विश्लेषणात्मक अध्ययन र मूल्याङ्कन गरिएको छ।

शोधप्रबन्धको आठौँ अध्यायमा **उपसंहार र निष्कर्ष** प्रस्तुत गरिएको छ। यसपछि सन्दर्भ - सूची र परिशिष्ट राखिएको छ।

## १.१० भावी शोधकर्तालाई सुझाउ

प्रस्तुत शोधप्रबन्धमा जातीय चेतनामूलक भारतीय नेपाली कविताहरूको विवेचनात्मक, समीक्षात्मक, विश्लेषणात्मक र वस्तुनिष्ठ अध्ययन गरिएको छ। 'एक थुकी सुकी हजार थुकी नदी' भन्ने नेपाली उखानको अनुसरण गर्दै भावी शोधार्थीले पनि भारतीय जातीय चेतनामूलक नेपाली कवितामाथि शोध र अध्ययन गर्न सक्छन्। यस शोध र अध्ययनले नेपाली साहित्यको भण्डार अझै समृद्ध बन्नेछ। यसैले भावी शोधकर्ताहरूले निम्नलिखित विषयहरूमा शोधप्रबन्ध तयार पार्न सक्नेछन् भन्ने उद्देश्यले यहाँ केही सम्भावित शोध विषय - शीर्षक राखिएका छन् –

(क) **स्वातन्त्र्यपूर्व र स्वातन्त्र्योत्तरका भारतीय नेपाली जातीय चेतनामूलक कविताहरूको तुलनात्मक अध्ययन।**

(ख) **भारत र नेपालका जातीय चेतनामूलक कविताहरूको तुलनात्मक अध्ययन।**

(ग) **जातीय चेतनामूलक भारतीय नेपाली कविताको भाषिक अध्ययन।**